कर्णाली प्रदेश सरकारद्धारा स्वीकृत मिति २०८३/०७/१७

कर्णाली प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८३

प्रस्तावनाः सार्वजनिक निकायका नीति, कार्यक्रम, बजेट, संरचना, निर्णय प्रक्रिया तथा कार्यान्वयनमा लैङ्गिक दृष्टिले परीक्षण गरी नेपालको संविधान, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने संयुक्त राष्ट्र सङ्घीय महासन्धि, बेइजिङ घोषणा पत्र जस्ता अन्तर्राष्ट्रिय प्रतिबद्धता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति र वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै लैङ्गिक उत्तरदायी शासन प्रवर्द्धन गर्न आवश्यक भएकोले,

कर्णाली प्रदेश सुशासन ऐन, २०७६ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि सार्वजनिक निकायले कार्यान्वयन गर्ने वार्षिक तथा आवधिक क्रियाकलाप सम्झनु पर्दछ।

(ख) "परीक्षक" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यमा खटिने कर्मचारी सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ।

(घ) "योजना" भन्नाले प्रदेश सरकारले तयार गरेको आवधिक विकास योजना, वार्षिक विकास योजना, विषयगत गुरुयोजना र रणनीतिक योजना समेत सम्झनु पर्दछ।

(ङ) "सम्पर्क व्यक्ति" भन्नाले प्रदेश सरकारका मन्त्रालय, मन्त्रालय मातहतका निर्देशनालय, कार्यालय, संवैधानिक निकाय र त्यस्ता निकाय मातहतका कार्यालयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषय हेर्ने गरी तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ।

(च) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट वञ्चित महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई थप अवसर दिएर समानतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयास सम्झनु पर्दछ।

(छ) "लैङ्गिक समानता" भन्नाले महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्था सम्झनु पर्छ।

(ज) "लैङ्गिकमैत्री" भन्नाले पुरुष, महिला र अन्य लैङ्गिक पहिचान भएका व्यक्तिबीच कुनै भेदभाव नगरी समान अवसर, सुरक्षा र सम्मान पाउने वातावरण, समाज वा व्यवस्था सम्झनु पर्दछ।

(झ) "परीक्षण" भन्नाले सार्वजनिक निकायको नीति, कार्यक्रम, बजेट, सङ्गठन संरचना, निर्णय प्रक्रियामा तथा कार्य वातावरण लैङ्गिक मैत्री भए नभएको लेखाजोखा तथा विश्लेषण गरी सुधारका उपाय पहिल्याउनका लागि गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्झनु पर्दछ।

(ञ) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई विकासका प्रत्येक प्रक्रियामा समाहित गर्ने प्रक्रिया सम्झनु पर्दछ।

(ट) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित उद्देश्यमूलक र योजनाबद्धरूपमा कार्यक्रम तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धति सम्झनु पर्दछ।

(ठ) "सशक्तीकरण" भन्नाले विकासका अवसरबाट वञ्चित, सूचना, श्रोत र साधनमा पहूँच तथा सोको निर्णय र नियन्त्रणमा पछाडि परेका वा कमजोर वर्गलाई सबल बनाउने कार्य सम्झनु पर्दछ।

(ड) "सार्वजनिक निकाय" भन्नाले परीक्षण गर्ने प्रदेश सरकारका मन्त्रालय, सचिवालय, परिषद्, बोर्ड, प्रतिष्ठान, आयोग, निर्देशनालय तथा कार्यालय सम्झनु पर्दछ।

३. **<u>वार्षिक कार्यक्रम बनाउनु पर्ने</u>**: सार्वजनिक निकायले देहायका विषय समावेश गरी परीक्षण सम्बन्धी वार्षिक कार्यक्रम तयार गरी आफ्नो र मातहत निकायको प्रत्येक वर्षमा परीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछः-

(क) परीक्षण गरिने निकायको सङ्ख्या र तिनको भौगोलिक अवस्थिति,

(ख) परीक्षणका लागि आवश्यक बजेट,

(ग) परीक्षणमा खटिने कर्मचारीको सङ्ख्या,

(घ) परीक्षणमा खटिने कर्मचारीको अभिमुखीकरण तथा क्षमता विकास,

(ङ) परीक्षण गर्न लाग्ने समय,

(च) कार्यालयको कार्यबोझ,

(छ) आवश्यकता अनुसारका अन्य विषय।

४. **<u>परीक्षणका विषय क्षेत्र र सूचक</u>**: सार्वजनिक निकायले अनुसूची-१ मा उल्लेख भएबमोजिमका विषय क्षेत्र र सूचकका आधारमा परीक्षण गर्नु पर्नेछ।

५. **<u>परीक्षण गर्ने अवधि</u>**: (१) सार्वजनिक निकायले आर्थिक वर्षको साउन महिनादेखि असार महिनासम्म भए गरेका कामकारबाहीको परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षण प्रत्येक आर्थिक वर्षको दोस्रो त्रैमासिकभित्र सम्पन्न गर्नुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि जारी भएको आर्थिक वर्षमा सार्वजनिक निकायमा आवश्यकता अनुसार जुनसुकै समयमा परीक्षण गर्न सकिनेछ।

६. **<u>परीक्षण विधि</u>**: सार्वजनिक निकायले देहायका विधि अवलम्बन गरी परीक्षण गर्नु पर्नेछ:-

(क) स्थलगत अवलोकन तथा दस्तावेजहरूको समीक्षा,

(ख) अन्तरवार्ता,

(ग) प्रश्नावली,

(घ) सन्दर्भ सामग्री अध्ययन,

(ङ) आवश्यकता अनुसारका अन्य विधि।

७. **<u>परीक्षण कार्यदल तथा परीक्षण प्रक्रिया</u>**: (१) प्रत्येक सार्वजनिक निकायमा परीक्षण कार्य गर्नका लागि देहाय बमोजिमको एक कार्यदल रहनेछ:-

(क) परीक्षण गरिने निकायको प्रमुख वा प्रमुखले तोकेको व्यक्ति	-संयोजक
(ख) परीक्षण गरिने निकायको आर्थिक प्रशासन शाखा प्रमुख	-सदस्य
(ग) संयोजकले तोकेको परीक्षण गरिने निकाय बाहेकको रोष्टर सूचीमा सूचीकृत परीक्षक दुई जना	-सदस्य
(घ) परीक्षण गरिने निकायको सम्पर्क व्यक्ति	-सदस्य-सचिव

(२) सार्वजनिक निकायले परीक्षण कार्य प्रारम्भ भएको मितिले बढीमा एक महिनाभित्र देहाय बमोजिमका प्रक्रिया अवलम्बन गरी परीक्षण सम्पन्न गर्नुपर्नेछ:-

(क) तयारी चरण:

(१) सम्बन्धित सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारीलाई परीक्षणको उद्देश्य, महत्व र प्रक्रियाका सम्बन्धमा जानकारी दिन परीक्षण पूर्वको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ,

(२) परीक्षण कार्यशाला गोष्ठीको पूर्व तयारी तथा चाहिने सामग्रीको व्यवस्थापन गर्ने,

(३) परीक्षणको लागि सम्बन्धित निकायबाट सहभागी हुने कर्मचारीको सूची तयार गरी परीक्षण कार्यका लागि मिति, स्थान र समय तोक्ने।

(ख) **परीक्षण चरणः**

(१) परीक्षण गरिने निकायका कर्मचारी र परीक्षण कार्यदलका सदस्यको सहभागितामा अनुसूची-१ बमोजिमका सूचकको आधारमा लेखाजोखा गर्ने,

(२) लेखाजोखा गर्दा सूचकको बुँदामा प्रमाणीकरणका आधारहरू सबै प्राप्त भएको खण्डमा उत्तममा राखी एक अङ्क, राम्रो अवस्थामा देखिएमा आधा अङ्क र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा शून्य अङ्क प्रदान गर्ने,

(३) प्रत्येक सूचकमा पाएको अङ्कको आधारमा लैङ्गिक विद्यमान अवस्था अनुसूची-२ अनुसारको माकुरेजालोमा चित्रण गर्ने,

(४) अनुसूची-१ बमोजिमको प्राप्ताङ्कको आधारमा लैङ्गिक दृष्टिले सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती विश्लेषणलाई अनुसूची-३ र मुख्य उपलब्धिलाई अनुसूची-४ बमोजिमको ढाँचामा तयार गर्ने। परीक्षण सूचकमा पुर्णाङ्क प्राप्त गरेको सूचकलाई सवल पक्षमा र सो भन्दा कम अङ्क प्राप्त गर्ने सूचकलाई सुधार गर्नुपर्ने पक्षमा राख्ने,

(५) परीक्षणका क्रममा पहिचान गरिएका सुधार गर्नुपर्ने क्षेत्र तथा सूचकलाई अनुसूची-५ बमोजिमको ढाँचामा लैङ्गिक समानता कार्ययोजना तयार गर्ने।

(ग) **प्रतिवेदन चरणः**

(१) परीक्षण कार्यदलको सहयोग र समन्वयमा परीक्षकले सूचकको लेखाजोखाको आधारमा अनुसूची-६ बमोजिमको ढाँचामा विस्तृत प्रतिवेदन तयार गर्ने,

(२) परीक्षकले प्रतिवेदन पेश गर्नु पूर्व परीक्षणका सिलसिलामा औल्याइएका विषयका सम्बन्धमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखसँग छलफल गर्ने,

(३) परीक्षकले सम्बन्धित सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारी सहितको समापन बैठक राखी परीक्षणबाट प्राप्त वस्तुस्थिति जानकारी गराई परीक्षण प्रतिवेदन हस्तान्तरण गर्ने,

(४) सार्वजनिक निकायबाट प्रतिवेदनको कार्यान्वयन गर्ने।

८. **<u>परीक्षक परिचालन गर्न सक्ने</u>**ः (१) मन्त्रालयले परीक्षण कार्यका लागि आवश्यक जनशक्ति तयार गर्न परीक्षकको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम क्षमता विकास गरिएका परीक्षकको अद्यावधिक सूची (रोष्टर) मन्त्रालयले तयार गर्नुपर्नेछ।

(३) सार्वजनिक निकायले उपदफा (२) बमोजिमको सूचीमा रहेका परीक्षकलाई निज कार्यरत रहेको निकायसँग समन्वय गरी आवश्यकता अनुसार परीक्षकको रूपमा खटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम खटिने परीक्षकलाई परीक्षण गरिने सार्वजनिक निकायले नियमअनुसारको दैनिक भ्रमण खर्च, बैठक तथा प्रतिवेदन भत्ता उपलब्ध गराउनु पर्नेछ।

९. **सहयोग तथा समन्वय गर्नुपर्नेः** परीक्षण गरिने सार्वजनिक निकायले परीक्षण कार्यदललाई आवश्यक सहयोग तथा समन्वय गर्नुपर्नेछ।

१०. **प्रतिवेदन सार्वजनिक गर्नु पर्नेः** (१) सार्वजनिक निकायले परीक्षण कार्य सम्पन्न गरेको एक महिनाभित्र अनुसूची-६ बमोजिमको परीक्षण प्रतिवेदन आफ्नो वेबसाइट तथा अन्य उपयुक्त माध्यममार्फत् सार्वजनिक गर्नुपर्नेछ।

(२) मन्त्रालयले सार्वजनिक निकायले गरेको परीक्षण प्रतिवेदन र सोको गुणस्तर परीक्षणको एकीकृत वार्षिक परीक्षण प्रतिवेदन तयार गरी प्रत्येक वर्षको बैशाख मसान्तभित्र वेबसाइट र अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ।

११. **परीक्षण समन्वय समितिः** (१) परीक्षणसम्बन्धी कार्यलाई प्रभावकारी बनाउन तथा परीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझाव कार्यान्वयन सम्बन्धमा आवश्यक कामकारवाही गर्न मन्त्रालयमा देहायबमोजिमको एक परीक्षण समन्वय समिति रहनेछः-

(क) सचिव, मन्त्रालय	-संयोजक
(ख) उपसचिव (कानून), मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	-सदस्य
(ग) योजना महाशाखा प्रमुख, सबै मन्त्रालय	-सदस्य
(घ) कानून अधिकृत, मन्त्रालय	-सदस्य
(ङ) लैङ्गिक सम्पर्क व्यक्ति, मन्त्रालय	-सदस्य
(च) संयोजकले तोकेको एकजना महिला सहित दुईजना लैङ्गिक समानता सामाजिक समावेशीकरण विज्ञ	-सदस्य
(छ) सामाजिक विकास महाशाखा प्रमुख, मन्त्रालय	-सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार परीक्षक, सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक वर्षको कम्तीमा दुई पटक र आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **परीक्षण समन्वय समितिको काम, कर्तव्य र अधिकारः** परीक्षण समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परीक्षण कार्यलाई व्यवस्थित रूपले सञ्चालन गर्नका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ख) परीक्षण प्रतिवेदनमा औंल्याइएका विषय कार्यान्वयन गर्न गराउन सम्बन्धित सार्वजनिक निकायलाई आवश्यक सुझाव दिने,

(ग) परीक्षण कार्यको अनुगमन गर्ने गराउने।

१३. **अनुगमनः** मन्त्रालय तथा सार्वजनिक निकायले परीक्षण प्रतिवेदनमा सिफारिस भएका विषय कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्नु गराउनुपर्नेछ।

१४. **प्रोत्साहन गर्न सक्नेः** परीक्षण गरिएका सार्वजनिक निकायमध्ये उत्कृष्ट सार्वजनिक निकाय तथा लैङ्गिक सम्पर्क व्यक्तिलाई मन्त्रालयले प्रोत्साहन गर्न सक्नेछ।

१५. **सम्पर्क व्यक्ति तोक्नुपर्नेः** (१) सार्वजनिक निकायको प्रमुखले आफ्नो कार्यालयको अधिकृतस्तरको एक जना कर्मचारीलाई लैङ्गिक सम्पर्क व्यक्ति तोक्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम लैङ्गिक सम्पर्क व्यक्ति तोक्दा अधिकृतस्तरको कर्मचारी नभएमा सहायकस्तरको कर्मचारीलाई लैङ्गिक सम्पर्क व्यक्ति तोक्न सक्नेछ।

१६. **कार्यविधि प्रयोग गर्न सकिनेः** स्थानीय तह, सार्वजनिक संस्था तथा कानून बमोजिम दर्ता भएका संस्थाहरूले यस कार्यविधि बमोजिम परीक्षण गर्न वा यस कार्यविधिको आधारमा आफ्नो परीक्षण सूचक बनाई परीक्षण गर्न सक्नेछन्।

१७. **सूचना प्रविधिको प्रयोग गर्न सक्नेः** यस कार्यविधि कार्यान्वयन गर्ने प्रयोजनका लागि मन्त्रालयले सूचना प्रविधिमा आधारित प्रणाली विकास गरी लागू गर्न सक्नेछ।

१८. **खारेजी र बचाउः** (१) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० खारेज गरिएको छ।

(२) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० बमोजिम भए गरेका कामकारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूची-१

(दफा ४ र दफा ७ को उपदफा (२) को खण्ड (ख) को उपखण्ड (१) र (४) सँग सम्बन्धित)

परीक्षणका सूचकहरू

नोटः ० = सुधार गर्नु पर्ने, १ = राम्रो, २ = उत्तम

मुख्य विषय	सूचक	२ अंक आउने अवस्था	१ अंक आउने अवस्था	० अंक आउने अवस्था	प्रमाणीकरणको आधार	प्राप्ताङ्क
१. नीति, कानून, कार्यक्रम						
	१.१ नीति तथा कानून तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ को उद्देश्य प्राप्त हुने गरी तर्जुमा गरेको/नगरेको।	नीति तथा कानून तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ को पूर्ण पालना गरेको।	नीति तथा कानून तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ को आंशिक पालना गरेको।	नीति तथा कानून तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ को पालना नगरेको।	• स्वीकृत नीति तथा कानूनी दस्तावेज • कानूनको मस्यौदा • कार्यनीतिमा सम्बोधन भएका विषय क्षेत्र	
	१.२ नीति तथा कानूनको मस्यौदामा शब्द चयन र प्रावधान, लैङ्गिक संवेदनशील, समावेशी र सहभागितामूलक भए/नभएको।	नीति तथा कानूनको मस्यौदामा शब्द चयन र प्रावधान, लैङ्गिक संवेदनशील, समावेशी र सहभागितामूलक भएको।	नीति तथा कानूनको मस्यौदामा शब्द चयन र प्रावधान, लैङ्गिक संवेदनशील, समावेशी र सहभागितामूलक भएको तर कार्यान्वयन नभएको।	नीति तथा कानूनको मस्यौदामा शब्द चयन र प्रावधान, लैङ्गिक संवेदनशील, समावेशी र सहभागितामूलक सम्बन्धमा अलग विश्लेषण नगरिएको/ख्याल गरिएको/नभएको।	• मस्यौदा कार्यदलको कार्यक्षेत्रगत शर्त • स्वीकृत नीति तथा कानूनी दस्तावेज • कानूनको मस्यौदा	
	१.३ नीति तथा कानून तर्जुमा गर्दा महिला तथा सामाजिक समावेशी वर्ग	नीति तथा कानून तर्जुमा गर्दा महिला तथा सामाजिक समावेशी वर्ग	नीति तथा कानून तर्जुमा गर्दा महिला तथा सामाजिक	नीति तथा कानून तर्जुमा गर्दा महिला तथा सामाजिक समावेशी वर्ग वा	बैठकको निर्णयको प्रति	

	वा समुदायका कर्मचारी, प्रतिनिधि तथा सरोकारवालाको प्रतिनिधित्व गर्ने गरेको/नगरेको।	वा समुदायका कर्मचारी, प्रतिनिधि तथा सरोकारवालासँग राय सुझाव लिने गरेको र लैङ्गिक समानता र समावेशिताको दृष्टिले छलफल गरेको। कार्यदल गठन गर्दा ३३% भन्दा बढी सदस्य लैङ्गिक तथा समावेशी प्रतिनिधित्व गराई सक्रिय सहभागिता गराईएको।	समावेशी वर्ग वा समुदायका कर्मचारी, प्रतिनिधि तथा सरोकारवालासँग राय सुझाव लिने नगरेको, कार्यदल गठन गर्दा कम्तीमा ३३% भन्दा कम सदस्य लैङ्गिक तथा समावेशी प्रतिनिधत्व गराइएको।	समुदायका कर्मचारी, प्रतिनिधि तथा सरोकारवालासँग राय सुझाव लिने नगरेको र कार्यदल गठन गर्दा महिला तथा समावेशी वर्ग वा समुदायबाट प्रतिनिधित्व नगराइएको।	• नीति तथा कानूनको मस्यौदा • कार्यदलको संरचना • कार्यदलका सदस्यको राय सुझाव	
	१.४ सार्वजनिक निकायले जारी गरेका कानूनमा लैङ्गिक समानता सम्बन्धी विषयमा सरोकारवालासँग अभिमुखीकरण गर्ने गरेको/नगरेको।	अभिमुखीकरण गर्ने गरिएको।	कुनै एक वर्गलाई आंशिक रुपमा अभिमुखीकरण गरेको।	अभिमुखीकरण नभएको/ नगरेको।	• वार्षिक बजेट तथा कार्यक्रम • अभिमुखीकरण कार्यक्रमको उपस्थिति • प्रतिवेदन	
	१.५ सार्वजनिक निकायले जारी गरेका कानून सबैको पहुँचयुक्तता (अपाङ्गता समेत) हुने गरी वेबसाइट तथा आमसञ्चार माध्यमबाट सार्वजनिकरण गरेको/नगरेको।	सबैको पहुँचयोग्य हुने गरी वेबसाइट, रेडियो, TV, पत्रपत्रिका लगायतका सञ्चार माध्यममा प्रसारण प्रकाशन गर्ने गरेको।	सबैको पहुँचयोग्य हुने गरी वेबसाइटमा मात्रै राख्ने गरेको।	सार्वजनिक नगरेको।	• प्रकाशन प्रशारण गरेको प्रमाण • वेबसाइटको स्क्रिनसट वा लिंक • अन्य प्रकाशन	

	१.६ सार्वजनिक निकायले कार्यान्वयनमा ल्याएका कानूनमा महिला तथा वञ्चितीकरणमा परेका समुदाय/लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्य रोक्ने प्रावधानको व्यवस्था गरिएको छ/छैन।	सबै प्रकारका विभेदजन्य कार्य रोक्ने प्रावधानको व्यवस्था गरी कार्यान्वयन भएको।	सबै प्रकारका विभेदजन्य कार्य रोक्न प्रावधान भएको तर कार्यान्वयन नभएको।	सबै प्रकारका विभेदजन्य कार्य रोक्ने प्रावधानको व्यवस्था नगरिएको।	स्वीकृत कानून	
	१.७ वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति र कार्यक्रम समावेश गरिएको छ/छैन।	वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश भएको बजेट विनियोजन भई कार्यान्वयनमा आएको।	वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश भएको बजेट विनियोजन भएको तर कार्यान्वयनमा नआएको।	वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश नगरिएको।	• वार्षिक बजेट तथा कार्यक्रम • लक्ष्य अनुरुपको कार्य प्रगती प्रतिवेदन	
	१.८ कार्यक्रम तथा योजनाको प्रतिफल लेखाजोखा गर्दा लैङ्गिक खण्डिकृत तथ्याङ्क राख्ने गरिएको छ/छैन।	कार्यक्रम तथा योजनाको प्रतिफल लेखाजोखा गर्दा महिला र पुरुष छुट्टिने लैङ्गिक खण्डिकृत तथ्याङ्क लिने र विश्लेषण गर्ने गरिएको।	कार्यक्रम तथा योजनाको प्रतिफल लेखाजोखा गर्दा महिला र पुरुष छुट्टिने लैङ्गिक तथ्याङ्क लिई विश्लेषण नगरिएको।	कार्यक्रम तथा योजनाको प्रतिफल लेखाजोखा गर्दा लैङ्गिक खण्डिकृत तथ्याङ्क प्रयोग गर्ने नगरिएको।	• कार्यक्रमको लैङ्गिक विश्लेषण देखिने उपस्थिति • प्रतिफल समीक्षामा	

					लाभग्राहिको लैङ्गिक तथ्याङ्क	
	१.९ योजना तर्जुमामा महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय लगायत वञ्चितीकरणमा परेको वर्ग/समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमुलक, आयमुलक र सिपमुलक कार्यक्रम राख्ने र वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ/छैन।	योजना तर्जुमामा महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय लगायत वञ्चितीकरणमा परेको वर्ग/समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमुलक, आयमुलक र सिपमुलक कार्यक्रम राख्ने र वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको गरिएको।	योजना तर्जुमामा महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय लगायत वञ्चितीकरणमा परेको वर्ग/समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमुलक, आयमुलक र सिपमुलक कार्यक्रम राख्ने र वार्षिक बजेटमा समावेश गरेको तर कार्यान्वयन हुन नसकेको।	योजना तर्जुमामा महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय लगायत वञ्चितीकरणमा परेको वर्ग/समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमुलक, आयमुलक र सिपमुलक कार्यक्रम राख्ने र वार्षिक बजेटमा समावेश नराखिएको वार्षिक बजेटमा नपरेको।	• वार्षिक योजना तर्जुमा तथा बजेट कार्यक्रम • कार्यक्रमको अपेक्षित प्रतिफल विश्लेषण	
	१.१० महिला, बालबालिका तथा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्ग वा समुदायलाई सेवाप्रवाहमा	सेवा प्रवाहमा सकारात्मक विभेद गर्ने नीति लिई सेवा प्रवाह मापदण्ड तर्जुमा गरिएको छ, सेवा स्थलमा सोको जानकारी तथा छुट्टै प्रबन्ध गरिएको छ।	सेवा प्रवाहमा सकारात्मक विभेद गर्ने नीति लिई सेवा प्रवाह मापदण्ड तर्जुमा गरिएको छ तर कार्यान्वयन गरेको छैन।	सेवा प्रवाहमा सकारात्मक विभेद गर्ने नीति लिएको छैन, मापदण्ड बनाएको छैन।	• सेवा प्रवाह सम्बन्धी सूचना, कानूनी व्यवस्था • सेवा प्रवाह मापदण्ड • सेवा स्थलमा सकारात्मक	

	सकारात्मक विभेद गर्ने नीति लिएको छ/छैन।				विभेद प्रबन्ध दिने/ संकेत	
	१.११ दिगो विकास लक्ष्य नं. ५ लैङ्गिक समानता कायम गर्न महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका वर्ग वा समुदाय लक्षित कार्यक्रम तथा बजेट विनियोजन गरेको/नगरेको।	महिला, बालबालिका वञ्चितीकरणमा परेको वर्ग वा समुदाय लक्षित विशेष कार्यक्रम तथा बजेट विनियोजन भई कार्यान्वयन भएको।	महिला, बालबालिका वञ्चितीकरणमा परेको वर्ग वा समुदाय लक्षित विशेष कार्यक्रम तथा बजेट विनियोजन भएको तर कार्यान्वयन नभएको।	महिला, बालबालिका वञ्चितीकरणमा परेको वर्ग वा समुदाय लक्षित विशेष कार्यक्रम नरहेको।	• वार्षिक कार्यक्रम तथा बजेट • कार्यान्वयन प्रतिवेदन	
	१.१२ सार्वजनिक निकायका बजेट तथा कार्यक्रमलाई GRB Coding गर्ने गरिएको/ नगरिएको।	सार्वजनिक निकायका बजेट तथा कार्यक्रमलाई GRB Coding गर्ने गरिएको तथा सार्वजनिक निकायका कर्मचारी र पदाधिकारीबीच निर्दिष्ट, सहयोगी र तटस्थ कार्यक्रम के कति छ बारेमा छलफल समेत गर्ने गरिएको।	सार्वजनिक निकायका बजेट तथा कार्यक्रमलाई GRB Coding गर्ने गरिएको तर सार्वजनिक निकायका कर्मचारी र पदाधिकारीबीच निर्दिष्ट, सहयोगी र तटस्थ कार्यक्रम के कति छ बारेमा छलफल गर्ने नगरिएको।	सार्वजनिक निकायका बजेट तथा कार्यक्रमलाई GRB Coding गर्ने नगरिएको।	• बैठक माईन्यूट • कोडिङ्ग गरिएको कागजात	
	१.१३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्न बजेटको	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्न बजेटको	• बजेट तथा कार्यक्रम	

	गरे/नगरेको (Gender Audit, GESI)।	व्यवस्था गरी परीक्षण गर्ने गरिएको।	गर्न बजेटको व्यवस्था रहेको तर परीक्षण नगरिएको।	व्यवस्था नरहेको र परीक्षण गर्ने नगरिएको।	• परीक्षण प्रतिवेदन (Gender Audit, GESI)	
	१.१४ सार्वजनिक निकायले सञ्चालन गर्ने वार्षिक कार्यक्रममा महिला कर्मचारीको क्षमता विकासका लागि आवश्यक विशेष कार्यक्रम राख्न तालिम आवश्यकता पहिचान (Training Need Assessment) गर्ने गरे/नगरेको।	वार्षिक कार्यक्रम तथा तालिम तर्जुमा गर्दा तालिम आवश्यकता पहिचान गरिएको र माग बमोजिम महिला लक्षित विशेष क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको।	वार्षिक कार्यक्रम तथा तालिम तर्जुमा गर्दा तालिम आवश्यकता पहिचान गरिएको तर माग बमोजिम महिला लक्षित विशेष क्षमता विकास कार्यक्रम सञ्चालन नगरिएको।	वार्षिक कार्यक्रम तथा तालिम तर्जुमा गर्दा तालिम आवश्यकता पहिचान गर्ने नगरिएको।	• वार्षिक कार्यक्रम • TNA फर्म विश्लेक्षण • सञ्चालित तालिम कार्यक्रम र लाभग्राही	
२. संस्थागत व्यवस्था						
	२.१ सार्वजनिक निकायमा लैङ्गिक विषय हेर्ने महाशाखा, शाखा, विन्दु वा इकाई रहेको/नरहेको।	सार्वजनिक निकायमा लैङ्गिक विषय हेर्ने महाशाखा, शाखा, विन्दु वा इकाई रहेको।	सार्वजनिक निकायमा लैङ्गिक विषय हेर्ने महाशाखा, शाखा, विन्दु वा इकाई नरहेको तर कुनै शाखालाई जिम्मेवारी तोकिएको।	सार्वजनिक निकायमा लैङ्गिक विषय हेर्ने महाशाखा, शाखा, विन्दु वा इकाई नरहेको।	• शाखाको कार्यविवरण • जिम्मेवारी तोकिएको पत्र	
	२.२ श्रेणी विहीन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र	श्रेणी विहीन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको समानुपातिक	श्रेणी विहीन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको	श्रेणी विहीन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, वर्ग, लिङ्ग र समुदायको समानुपातिक प्रतिनिधित्व	• रणनीतिको दस्तावेज • भर्ना कर्मचारीको विवरण	

	समुदायको प्रतिनिधित्व गराए/नगराएको।	प्रतिनिधित्व हुन सक्ने रणनीति बनाई कार्यान्वयनमा आएको।	समानुपातिक प्रतिनिधित्व हुन सक्ने रणनीति बनेको तर कार्यान्वयनमा नआएको।	हुन सक्ने रणनीति नबनेको।	विज्ञापनमा स्पष्ट उल्लेख भएको।	
	२.३ कुनै अवसर (तालिम, अध्ययन, भ्रमण, जिम्मेवारी) प्रदान गर्दा महिला कर्मचारी/ पदाधिकारीलाई प्राथमिकता दिने गरी सकारात्मक विभेदको नीति लिएको/नलिएको।	कुनै अवसर प्रदान गर्दा कम्तीमा ३३ प्रतिशत भन्दा बढी महिला कर्मचारी/ पदाधिकारीलाई सहभागी गराईएको।	कुनै अवसर प्रदान गर्दा कम्तीमा ३३ प्रतिशत महिला कर्मचारी/ पदाधिकारीलाई सहभागी नगराईएको।	कुनै अवसर प्रदान गर्दा १० प्रतिशत भन्दा कम महिला कर्मचारी/ पदाधिकारीलाई सहभागी गराईएको।	• प्रतिनिधित्व गराउने सम्बन्धी नीति वा निर्णय • प्रतिनिधित्व भएको कर्मचारी वा पदाधिकारीको विवरण	
	२.४ सार्वजनिक निकायमा लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको छ/छैन।	सार्वजनिक निकायमा लैङ्गिक विषय हेर्ने शाखा र कर्मचारी सहित लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको छ। वेबसाइट र कार्यालयमा देखिने गरी लैङ्गिक सम्पर्क व्यक्तिको जानकारी राखिएको।	सार्वजनिक निकायमा दोहोरो जिम्मेवारी दिई लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको छ। वेवसाईट र सार्वजनिक जानकारीमा नराखिएको।	सार्वजनिक निकायमा लैङ्गिक सम्पर्क व्यक्ति नतोकिएको।	• लैङ्गिक सम्पर्क व्यक्ति तोकेको पत्र • लैङ्गिक सम्पर्क व्यक्तिको प्रतिवेदन	
	२.५ सार्वजनिक निकायमा गठित विभिन्न समिति, उपसमिति र कार्यदलमा महिला तथा अन्य	सार्वजनिक निकायमा गठित विभिन्न समिति, उपसमिति र कार्यदलमा महिला तथा अन्य	सार्वजनिक निकायमा गठित विभिन्न समिति, उपसमिति र कार्यदलमा महिला	सार्वजनिक निकायमा गठित विभिन्न समिति, उपसमिति र कार्यदलमा महिला तथा अन्य वञ्चितिमा परेका	• समितिको संरचना र नाम सहितको विवरण	

	वञ्चितिमा परेका वर्गको प्रतिनिधित्व रहेको/नरहेको।	वञ्चितिमा परेका वर्गको ३५ प्रतिशत भन्दा बढी प्रतिनिधित्व रहेको।	तथा अन्य वञ्चितिमा परेका वर्गको प्रतिनिधित्व गर्नका लागि १० प्रतिशत देखि ३५ प्रतिशत सम्म प्रतिनिधित्व रहेको ।	वर्गको १० प्रतिशत भन्दा कम प्रतिनिधित्व रहेको ।	• अवधिभित्र गठन भएका कार्यदलका सूची	
	२.६ सार्वजनिक निकायमा नागरिक सहायता तथा सोधपुछ कक्ष, नागरिक विश्रामस्थल र पिउने पानीको व्यवस्था व्यवस्था भए/नभएको।	सार्वजनिक निकायमा नागरिक सहायता तथा सोधपुछ कक्ष, नागरिक विश्रामस्थल र पिउने पानीको व्यवस्था भएको।	सार्वजनिक निकायमा नागरिक सहायता तथा सोधपुछ कक्षको मात्र व्यवस्था भएको।	सार्वजनिक निकायमा नागरिक सहायता तथा सोधपुछ कक्ष, नागरिक विश्रामस्थल र पिउने पानीको व्यवस्था नभएको।	• नागरिक सहायता तथा सोधपुछ कक्ष अवलोकन • व्यवस्थित नागरिक सहायता तथा सोधपुछ कक्ष, विश्रामस्थल,पिउने पानीको अवस्थिति	
	२.७ महिला, पुरुष, अपाङ्गता भएका व्यक्तिहरूका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको/नभएको।	छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको।	महिला र पुरुषको लागि मात्र शौचालयको व्यवस्था भएको।	छुट्टाछुट्टै शौचालयको व्यवस्था नभएको।	शौचालय अवलोकन	
	२.८ शौचालयमा पानी, साबुन, सेनेटरी प्याड, भेण्डिङ्ग मेसिन, डस्टविन लगायतका सामग्रीको व्यवस्था भए/नभएको।	शौचालयमा पानी, साबुन, सेनेटरी प्याड, भेण्डिङ्ग मेसिन लगायतका सामग्रीको व्यवस्था भएको।	शौचालयमा पानी, साबुनको व्यवस्था भएको तर भेण्डिङ्ग मेसिन नभएको।	शौचालयमा पानी, साबुन, सेनेटरी प्याड, भेण्डिङ्ग मेसिन लगायतका सामग्रीको व्यवस्था नभएको।	स्थलगत अवलोकन	

	२.९ स्तनपान कक्ष / बाल स्याहार कक्ष र सोसँग सम्बद्ध भौतिक पूर्वाधारको व्यवस्था भए/नभएको।	स्तनपान कक्ष/बाल स्याहार कक्ष र भौतिक पूर्वाधार व्यवस्था भएको।	स्तनपान कक्ष/बाल स्याहार कक्षको व्यवस्था गर्ने कार्यक्रम/बजेट राखिएको तर कार्यान्वयन भइनसकेको ।	स्तनपान कक्ष/बाल स्याहार कक्षको व्यवस्था नभएको।	• बजेट तथा कार्यक्रम • स्तनपान कक्ष/बाल स्याहार कक्षको अवलोकन /तस्वीर	
	२.१० लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिका एवं विपन्न वर्गको लागि राहत कोष वा बजेटको व्यवस्थापन भएको/नभएको।	लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिका एवं विपन्न वर्गको लागि राहत कोष वा बजेटको व्यवस्थापन भएको र सोको कार्यान्वयन समेत भएको।	लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिका एवं विपन्न वर्गको लागि राहत कोष वा बजेटको व्यवस्थापन भएको तर कार्यान्वयन नभएको।	लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिका एवं विपन्न वर्गको लागि राहत कोष वा बजेटको व्यवस्थापन नभएको।	• नीति बजेट तथा कार्यक्रम • प्रगति विवरण	
३. मानव संसाधन क्षमता विकास						
	३.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं मूलप्रवाहीकरण सम्बन्धमा मन्त्रालय/निकायका कर्मचारीले अभिमूखीकरण तालिम प्राप्त गरेको/नगरेको ।	लैङ्गिक समानता तथा मूलप्रवाहीकरण सम्बन्धमा मन्त्रालय/निकायका ५० प्रतिशत भन्दा बढी कर्मचारीले अभिमूखीकरण तालिम प्राप्त गरेको।	लैङ्गिक समानता तथा मूलप्रवाहीकरण सम्बन्धमा मन्त्रालय/निकायका ५० प्रतिशत भन्दा कम कर्मचारीले मात्र अभिमूखीकरण तालिम प्राप्त गरेको/नगरेको।	लैङ्गिक समानता तथा मूलप्रवाहीकरण सम्बन्धमा मन्त्रालय/निकायका कर्मचारीले अभिमूखीकरण तालिम प्राप्त नगरेको।	• वार्षिक बजेट तथा कार्यक्रम • तालिमका सहभागीहरूको सूची • तालिम प्रतिवेदन • पुष्टी गर्ने अन्य प्रमाण	

	३.२ सार्वजनिक निकायमा प्रमुख/महाशाखा प्रमुख/शाखा प्रमुख पदमा महिलाको नेतृत्व रहे/नरहेको।	प्रमुख/महाशाखा प्रमुख/शाखा प्रमुख पदमा महिला नेतृत्वको संख्या ४० प्रतिशत भन्दा बढी रहेको।	प्रमुख/महाशाखा प्रमुख/शाखा प्रमुख पदमा महिला नेतृत्वको संख्या १०-४० प्रतिशत रहेको।	प्रमुख/महाशाखा प्रमुख/शाखा प्रमुख पदमा महिला नेतृत्वको संख्या १० प्रतिशत भन्दा कम रहेको।	• कूल कर्मचारी विवरण • प्रमुख/महाशाखा प्रमुख/शाखा प्रमुख पदमा महिला नेतृत्व संख्या विश्लेषण	
	३.३ विपद् प्रतिकार्य योजनामा लैङ्गिक सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि निर्माण/प्रयोग गरेको र यस्ता दस्तावेजमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लक्षित गरी विशेष राहत र अलग अलग संरक्षणको प्रावधान रहे/नरहेको।	विपद् प्रतिकार्य योजनामा लैङ्गिक सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि निर्माण गरेको र यस्ता दस्तावेजमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लक्षित गरी विशेष राहत र अलग अलग संरक्षणको प्रावधान रहेको ।	विपद् प्रतिकार्य योजनामा लैङ्गिक सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि निर्माण गरेको र यस्ता दस्तावेजमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लक्षित गरी विशेष राहत र अलग अलग संरक्षणको प्रावधान नरहेको।	विपद् प्रतिकार्य योजनामा लैङ्गिक सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि निर्माण नगरेको।	• विपद् लैङ्गिक सम्बोधनको प्रावधान सहितको मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि	
	३.४ लैङ्गिक सम्पर्क व्यक्ति, महिला तथा वञ्चितिकरणमा परेका	लैङ्गिक सम्पर्क व्यक्ति, महिला तथा वञ्चितिकरणमा परेका	लैङ्गिक सम्पर्क व्यक्ति, महिला तथा वञ्चितिकरणमा परेका	लैङ्गिक सम्पर्क व्यक्ति, महिला तथा वञ्चितिकरणमा परेका	• वार्षिक बजेट तथा कार्यक्रम	

	समुदायबाट प्रतिनिधित्व गरेका पदाधिकारीको क्षमता विकासका कार्यक्रम तथा सिकाई भ्रमण कार्यक्रम आयोजना गर्ने गरिएको छ/छैन ।	समुदायबाट प्रतिनिधित्व गरेका पदाधिकारीको क्षमता विकासका कार्यक्रम तथा सिकाई भ्रमण कार्यक्रम आयोजना गर्ने गरिएको छ।	समुदायबाट प्रतिनिधित्व गरेका पदाधिकारीको क्षमता विकासका कार्यक्रम तथा सिकाई भ्रमण कार्यक्रमका लागि वार्षिक कार्यक्रम रहेको तर कार्यान्वयन नभएको।	समुदायबाट प्रतिनिधित्व गरेका पदाधिकारीको क्षमता विकासका कार्यक्रम तथा सिकाई भ्रमण कार्यक्रम आयोजना गर्ने गरिएको छैन।	• सिकाई संकलन तथा अभिलेखीकरण • प्रगति प्रतिवेदन।	
	३.५ सार्वजनिक निकायमा सेवा करारबाट पदपुर्ति हुने पद तथा परामर्शदाता नियुक्ति गर्दा लैङ्गिक समानता कायम गर्ने गरी महिलालाई प्राथमिकता दिइएको छ/छैन।	सेवा करारबाट पदपुर्ती हुने पद वा परामर्शदाता नियुक्ति गर्दा लैङ्गिक समानता कायम गर्ने गरी महिला मात्रले आवेदन दिन पाउने व्यवस्था गरिएको छ।	सेवा करारबाट पदपुर्ती हुने पद वा परामर्शदाता नियुक्ति गर्दा लैङ्गिक समानता कायम गर्ने गरी महिलालाई आवेदन गर्न प्रोत्साहन गरिएको छ।	सेवा करारबाट पदपुर्ती हुने पद वा परामर्शदाता नियुक्ति गर्दा लैङ्गिक समानता कायम गर्ने गरी महिलालाई प्राथमिकता दिइएको छैन।	• विज्ञापन सूचना • पदपुर्तिको अवस्था	
	३.६ सार्वजनिक निकायबाट प्रदान गरिने लामो तथा छोटो अवधिको तालिम/प्रशिक्षण पाठ्यक्रम/कार्यक्रममा लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण र कार्यस्थलमा हुने दुर्व्यवहार निवारण वा लैङ्गिक	तालिम/प्रशिक्षण पाठ्यक्रम/कार्यक्रममा लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण र कार्यस्थलमा हुने दुर्व्यवहार निवारण लैङ्गिक सम्बन्धी विषय प्राथमिकतामा राखी सबै समावेश गर्ने गरेको।	तालिम/प्रशिक्षण पाठ्यक्रम/कार्यक्रममा लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण र कार्यस्थलमा हुने दुर्व्यवहार निवारण लैङ्गिक सम्बन्धी विषय मध्ये कुनै एक समावेश गर्ने गरेको।	तालिम/प्रशिक्षण पाठ्यक्रम/कार्यक्रममा लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण र कार्यस्थलमा हुने दुर्व्यवहार निवारण लैङ्गिक सम्बन्धी विषय समावेश नगरेको ।	• तालिम/ प्रशिक्षण कार्यतालिका/ पाठ्यक्रम • अन्य पुष्टी गर्ने दस्तावेज	

	सम्बन्धी विषय समावेश गर्ने गरे/नगरेको।					
	३.७ सार्वजनिक निकायबाट सञ्चालन गरिने कार्यक्रम/योजनाले लैङ्गिक समानताको कुन-कुन क्षेत्रमा योगदान गरेका छन् (स्रोत साधन, क्षमता विकास र निर्णय निर्माणमा सहभागिता)।	स्रोत साधनमा पहुँच, क्षमता विकास र निर्णय निर्माणमा सहभागिता।	स्रोत साधनमा पहुँच र क्षमता विकासमा पहुँच भएमा।	नतिजा तथा उपलब्धी विश्लेषण हुन नसकेको, लैङ्गिक समानताको लागि कुनै योगदान दिन नसकेको।	• वार्षिक कार्यक्रम तथा योजनाको • नतिजा तथा उपलब्धी विश्लेषण	
	३.८ सार्वजनिक निकायबाट सञ्चालित क्षमता विकासका कार्यक्रमका लागि प्रशिक्षक रोष्टरमा लैङ्गिक सवाल विज्ञ र महिला स्रोतव्यक्ति समावेश गरी प्रशिक्षण दिने गरिएको छ/छैन।	प्रशिक्षक रोष्टरमा लैङ्गिक सवाल विज्ञ र महिला स्रोतव्यक्ति समावेश गरी प्रशिक्षण दिने गरिएको छ। वार्षिक सञ्चालन भएका कार्यक्रममा ३३ प्रतिशत भन्दा बढि महिला प्रशिक्षक प्रयोग गरिएको।	स्रोत व्यक्तिको रोष्टर तयार गरिएको भए तापनि लैङ्गिक विज्ञ तथा प्रशिक्षक समावेश गरिएको छैन। वार्षिक सञ्चालन भएका कार्यक्रममा १०-३३ प्रतिशत महिला प्रशिक्षक प्रयोग गरिएको।	स्रोतव्यक्तिको रोष्टर तयार गरिएको छैन। प्रशिक्षक छनौट गर्दा महिला प्रशिक्षकलाई प्राथमिकता दिइएको छैन । वार्षिक सञ्चालन भएका कार्यक्रममा १० प्रतिशत भन्दा कम महिला प्रशिक्षक प्रयोग गरिएको।	• प्रशिक्षक रोष्टर • प्रशिक्षकको लैङ्गिक विश्लेषण • वार्षिक तालिम कार्यक्रमका प्रशिक्षकको लैङ्गिक विश्लेषण	
	३.९ सार्वजनिक निकायका कर्मचारी तथा पदाधिकारीका लागि कानून निर्माण प्रक्रिया सम्बन्धमा समय-समयमा	सार्वजनिक निकायका कर्मचारी तथा पदाधिकारीका लागि कानून निर्माण प्रक्रिया सम्बन्धमा समय-समयमा अभिमूखीकरण गर्नका	सार्वजनिक निकायका कर्मचारी तथा पदाधिकारीका लागि कानून निर्माण प्रक्रिया सम्बन्धमा समय-समयमा अभिमूखीकरण	सार्वजनिक निकायका कर्मचारी तथा पदाधिकारीका लागि कानून निर्माण प्रक्रिया सम्बन्धमा समय-समयमा अभिमूखीकरण गर्नका लागि	१. वार्षिक बजेट तथा कार्यक्रम २. कार्यक्रम सम्पन्न प्रतिवेदन	

	अभिमूखीकरण गर्ने गरेको/नगरेको।	लागि आवश्यक बजेट विनियोजन भई अभिमूखीकरण गर्ने गरेको।	गर्नका लागि आवश्यक बजेट विनियोजन भएको तर अभिमूखीकरण नगरेको।	बजेट व्यवस्था नगरेको।		
	३.१० नियमित कर्मचारी बैठक/उच्च नेतृत्व बैठकमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयमा छलफल हुने गरे/नगरेको।	नियमित कर्मचारी बैठक/उच्च नेतृत्व बैठकमा लैङ्गिक समानताका विषयमा छलफल हुने गरेको र निर्णय कार्यान्वयन समेत हुने गरेको।	नियमित कर्मचारी बैठक/उच्च नेतृत्व बैठकमा लैङ्गिक समानताका विषयमा छलफल हुने गरेको तर निर्णय कार्यान्वयन नभएको।	नियमित कर्मचारी बैठक/उच्च नेतृत्व बैठकमा लैङ्गिक समानताका विषयमा छलफल हुने नगरेको।	• बैठक पुस्तिका र एजेण्डा • निर्णयहरू • निर्णय कार्यान्वयनको अवस्था विश्लेषण	
४. सुशासन तथा उत्तरदायित्व						
	४.१ सार्वजनिक निकायको कार्यप्रकृति अनुसारको छुट्टै यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचारसंहिता निर्माण गरे/नगरेको र कुनै कर्मचारी माथि कार्यालय समयमा वा कार्यालय समयपछि हुन सक्ने यौन दुर्व्यवहार निवारण गर्न गुनासो सुन्ने प्रणालीको व्यवस्था भएको/नभएको।	सार्वजनिक निकायको कार्यप्रकृति अनुसारको छुटै यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचार संहिता निर्माण गरी देखिने स्थानमा टाँस तथा कार्यान्वयन गरेको र गुनासो सुन्ने अधिकारी तोकी, सार्वजनिक जानकारीको लगि टाँस गरिएको,	सार्वजनिक निकायको कार्यप्रकृति अनुसारको छुटै यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचार संहिता निर्माण नगरेको र गुनासो सुन्ने अधिकारी तोकी, सार्वजनिक जानकारीको लगि टाँस गरिएको, गुनासो पेटिका समेत राखिएको।	सार्वजनिक निकायको कार्यप्रकृति अनुसारको छुटै यौनजन्य दुर्व्यवहार नियन्त्रण सम्बन्धी आचार संहिता निर्माण गरी देखिने स्थानमा टाँस तथा कार्यान्वयन नगरेको, गुनासो सुन्ने अधिकारी नतोकीएको र गुनासो पेटिका समेत नराखिएको।	• आचार संहिता • आचार संहिता टाँस गरिएको तस्वीर • आचार संहिता कार्यान्वयनको निर्णय • गुनासो सुन्ने अधिकारी तोकिएको जानकारी	

		गुनासो पेटिका समेत राखिएको।			• आचार संहिता टाँस गरिएको सुचना पाटी/ होर्डिङ बोर्ड	
	४.२ सार्वजनिक निकायबाट सम्प्रेषण/प्रकाशन हुने समाचार वा जानकारीमूलक सामग्रीमा लैङ्गिक समानता, लैङ्गिक हिंसाको अन्त्य र कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी विषयवस्तु समावेश गरिएको छ/छैन।	सम्प्रेषण/प्रकाशन हुने समाचार वा जानकारीमुलक सामग्रीमा लैङ्गिक समानता, लैङ्गिक हिंसाको अन्त्य र कार्यस्थलमा हुने यौन दुर्व्यवहार निवारण सम्बन्धी विषयवस्तु वेबसाईट र अन्य सञ्चार माध्यमबाट प्रकाशन प्रशारण गरिएको छ।	सम्प्रेषण/प्रकाशन हुने समाचार वा जानकारीमुलक सामग्रीमा लैङ्गिक समानता, लैङ्गिक हिंसाको अन्त्य र कार्यस्थलमा हुने यौन दुर्व्यवहार निवारण सम्बन्धी विषयवस्तु वेबसाईट मा मात्र राखिएको छ।	सम्प्रेषण/प्रकाशन हुने समाचार वा जानकारीमुलक सामग्रीमा लैङ्गिक समानता, लैङ्गिक हिंसाको अन्त्य र कार्यस्थलमा हुने यौन दुर्व्यवहार निवारण सम्बन्धी विषयवस्तु समावेश गरिएको छैन।	• प्रकाशन तथा प्रसारण सामग्री • प्रकाशन प्रशारण भएका सामग्रीको विषयवस्तु • वेबसाइट	
	४.३ अनुगमन तथा मूल्यांकन समितिमा महिला कर्मचारी र पदाधिकारीको सहभागिता सुनिश्चित गरिएको/नगरिएको।	अनुगमन तथा मूल्यांकन समितिमा महिला कर्मचारी र पदाधिकारीको ३३% सहभागिता सुनिश्चित गरिएको।	अनुगमन तथा मूल्यांकन समितिमा कम्तीमा १०-२५% कर्मचारी र पदाधिकारीको सहभागिता भएको।	अनुगमन तथा मूल्यांकन समितिमा महिला कर्मचारी र पदाधिकारीको १०% भन्दा कम सहभागिता भएको।	• अनुगमन संयन्त्रको लैङ्गिक विश्लेषण • अनुगमन कार्यक्रमहरूमा महिला कर्मचारी पदाधिकारीको उपस्थिति	
	४.४ कार्यक्रमको प्रभावकारिताको लागि	कार्यक्रमको प्रभावकारिताको लागि	कार्यक्रमको प्रभावकारिताको लागि	कार्यक्रमको प्रभावकारिताको लागि	• कार्यक्रमको प्रतिवेदन	

	नागरिक अनुगमन (Civic Oversight) र तेस्रो पक्ष (Third Party Monitoring) अनुगमन पद्धतिको विकास भए/नभएको।	नागरिक अनुगमन (Civic Oversight) र तेस्रो पक्ष (Third Party Monitoring) अनुगमन पद्धतिको विकास भएको।	नागरिक अनुगमन (Civic Oversight) गर्ने कार्यक्रम रहेको तर तेस्रो पक्षीय (Third Party Monitoring) अनुगमन पद्धतिको विकास नभएको।	नागरिक अनुगमन (Civic Oversight) र तेस्रो पक्षीय (Third Party Monitoring) अनुगमन पद्धतिको विकास नभएको।	• परामर्शदाता नियुक्ति गरिएको नियुक्ति पत्र	
	४.५ समावेशी तथा सहभागितामूलक विकासको लागि योजना तर्जुमा तथा समीक्षा गर्दा लैङ्गिक तथा सामाजिक समावेशी सरोकारवाला बीच छलफल तथा परामर्श हुने गरे/नगरेको।	लैङ्गिक तथा सामाजिक समावेशी सरोकारवालाको सहभागितामा वर्षमा दुई पटक योजना तर्जुमा र समीक्षा गर्दा छलफल तथा परामर्श हुने गरेको।	योजना तर्जुमा तथा समीक्षा गर्दा लैङ्गिक तथा सामाजिक समावेशी सरोकारवाला बीच वर्षमा एक पटक छलफल तथा परामर्श हुने गरेको।	योजना तर्जुमा तथा समीक्षा गर्दा लैङ्गिक तथा सामाजिक समावेशी सरोकारवाला बीच छलफल तथा परामर्श हुने नगरेको।	• बैठकको उपस्थिति • निर्णय पुस्तिका • सहभागिको लैङ्गिक तथा समावेशी उपस्थिति विश्लेषण	
	४.६ मर्यादित कार्यवातावरणका लागि कार्यालय परिसर लगायत आवश्यक स्थानमा सिसिटिभि क्यामेरा राखिएको छ/छैन।	कार्यालय परिसर लगायत आवश्यक स्थानमा सिसिटिभि क्यामरा जडान भएको।	कार्यालय परिसर (भवन बाहिरमात्र) सिसिटिभि क्यामरा जडान भएको ।	सिसिटिभि क्यामरा जडान नभएको	• सिसिटिभि क्यामराको संख्या, • जडान भएको कक्ष	
	४.७ नियमित सूचनाको हक सम्बन्धी स्वतः प्रकाशनमा लैङ्गिक विषयवस्तु समावेश गर्ने गरिएको छ/छैन ।	नियमित स्वतः प्रकाशन गरिनुका साथै लैङ्गिक सवाल र लैङ्गिक समता कायम गर्न गरिएका	स्वतः प्रकाशन नियमित प्रकाशन भएको तर लैङ्गिक सवालहरू उल्लेख नगरिएको।	स्वतः प्रकाशन गर्ने गरिएको छैन।	• स्वतःप्रकाशन • स्वतःप्रकाशनमा समावेश विषयवस्तु विश्लेषण	

		प्रयास उल्लेख गरिएको।			• वेवसाइट	
	४.८ नियमित सार्वजनिक सुनुवाईमा लैङ्गिक समानता कायम गर्न गरिएका प्रयास जानकारी गराइएको छ/छैन।	सार्वजनिक सुनुवाई आयोजना गरिएको र लैङ्गिक समता कायम गर्न गरिएका प्रयास एवम उठेका प्रश्नको जवाफ दिइएको।	सार्वजनिक सुनुवाई आयोजना गरिएको तर लैङ्गिक समता कायम गर्न गरिएका प्रयासबारे उल्लेख नभएको ।	नियमित सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको छैन।	• सार्वजनिक सुनुवाई माइन्युट • प्रतिवेदनका विषयवस्तु विश्लेषण • तस्वीर	
५. सेवा प्रवाह						
	५.१ सेवा प्रवाहको मापदण्ड तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्ने प्रावधान राखिएको/नराखिएको।	सार्वजनिक सेवा प्रवाहको मापदण्डमा लैङ्गिक समानता कायम गर्ने प्रावधान राखी कार्यान्वयनमा ल्याएको।	सार्वजनिक सेवा प्रवाहको मापदण्डमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्ने प्रावधान राखीएको तर कार्यान्वयनमा नल्याएको।	सार्वजनिक सेवा प्रवाहको मापदण्ड तर्जुमा नगरेको/लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्ने प्रावधान नराखिएको।	• सार्वजनिक सेवा प्रवाहको मापदण्ड • कार्यान्वयन पुष्टिने कागजात, तस्वीर	
	५.२ कार्यालयले प्रवाह गर्ने सेवाका बारेमा नागरिक बडापत्रमा स्पष्ट रुपमा उल्लेख गरेको/नगरेको।	नागरिक बडापत्रको स्पष्ट रुपमा बुझिने गरी सबैको पँहुचयोग्य स्थानमा राख्नुका साथै प्रविधिको प्रयोग गरी त्यसलाई लैङ्गिक समानता तथा सामाजिक	नागरिक बडापत्रको स्पष्ट रुपमा बुझिने गरी सबैको पँहुचयोग्य स्थानमा राखिएको तर प्रविधिको प्रयोग गरी त्यसलाई थप लैङ्गिक समानता तथा सामाजिक	नागरिक बडापत्रको स्पष्ट रुपमा बुझिने गरी सबैको पँहुचयोग्य स्थानमा नराखिएको।	• नागरिक बडापत्र • सेवाग्राहीले प्रयोग गरेको प्रमाण	

		समावेशीकरणमैत्री बनाईएको।	समावेशीकरणमैत्री बनाउने सम्बन्धमा कार्य नभएको।			
	५.३ कार्यालय भवन तथा अन्य संरचना बालबालिका, अपाङ्गतामैत्री तथा लैंगिक संवेदनशील (यौनिक अल्पसङ्ख्यक सहित) र ज्येष्ठ नागरिक मैत्री बनाए/नबनाएको।	कार्यालय भवन तथा अन्य संरचना बालबालिका, अपाङ्गतामैत्री तथा लैंगिक संवेदनशील (यौनिक अल्पसङ्ख्यक सहित) र ज्येष्ठ नागरिकमैत्री रहेको।	कार्यालय भवन तथा अन्य संरचना लैंगिक संवेदनशील (महिला पुरूष अलग शौचालय) मात्र रहेको।	कार्यालय भवन तथा अन्य संरचना बालबालिका, अपाङ्गतामैत्री तथा लैंगिक संवेदनशील (यौनिक अल्पसङ्ख्यक सहित) र ज्येष्ठ नागरिक मैत्री नभएको।	• आचार सहिता • पूर्वाधार निर्माण प्रतिवेदन • अवलोकन	
	५.४ सेवा प्रवाहमा टोकन सिस्टम लागु गरे नगरेको, सेवा लिँदा महिला, गर्भवती महिला, सुत्केरी महिला र अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिने गरिएको/नगरिएको।	टोकन प्रणाली राखिएको, सेवा लिँदा महिला, गर्भवती महिला, सुत्केरी महिला र अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिने गरिएको/संकेत राखिएको।	टोकन प्रणाली नराखिएको, सेवा लिँदा महिला, गर्भवती महिला, सुत्केरी महिला र अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिने गरिएको/संकेत राखिएको।	टोकन प्रणाली नराखिएको कुनै वर्गलाई प्राथमिकता दिने प्रावधान संकेत नराखिएको।	• टोकन प्रणाली • महिला, गर्भवती महिला र अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिइने संकेत • तस्वीर	—
	५.५ महिला तथा वञ्चितिकरणमा परेका वर्ग वा समुदायलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले	महिला तथा वञ्चितिकरणमा परेका वर्ग वा समुदायलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट	महिला तथा वञ्चितिकरणमा परेका वर्ग वा समुदायलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट	महिला तथा वञ्चितिकरणमा परेका वर्ग वा समुदायलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा	• वार्षिक बजेट तथा कार्यक्रम • सार्वजनिक गरेको प्रमाण	

	थाहा पाउने गरी सार्वजनिक गरे/नगरेको।	सरोकारवालाले थाहा पाउने गरी पत्रपत्रिका, एफ.एम., टेलिभिजन, सूचनापाटी लगायत वेबसाइटको माध्यमबाट सार्वजनिकीकरण गरेको।	सरोकारवालाले थाहा पाउने गरी कम्तीमा सूचनापाटी र वेबसाइटको माध्यमबाट सार्वजनिकीकरण गरेको।	पाउने गरी कम्तीमा सूचनापाटी र वेबसाइटको माध्यमबाट समेत सार्वजनिकीकरण नगरेको।	• सूचना पाटीमा राखेको तस्वीर • कार्यक्रमको सम्पन्न प्रतिवेदन	
	५.६ सेवाग्राही सन्तुष्टि सर्वेक्षणमा लैङ्गिक संवेदनशील रहे नरहेको प्रश्न समावेश गरी सर्वेक्षण गर्ने गरिएको/ नगरिएको।	सेवाग्राही सन्तुष्टि सर्वेक्षणमा लैङ्गिक संवेदनशील रहे नरहेको प्रश्न समावेश गरी सर्वेक्षण गरिएको।	सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने गरिएको तर उक्त सर्वेक्षणमा लैङ्गिक सम्वेदनशिलता विषय समावेश नभएको।	सेवाग्राही सन्तुष्टि सर्वेक्षण नगरिएको।	• सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रश्नावली • सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रतिवेदन र नतिजा	
	५.७ योजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक उपर परेको प्रभाव छलफल गरी पृष्ठपोषण लिने गरे/नगरेको।	योजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई सहभागी गराई उनीहरूको पृष्ठपोषण लिने गरिएको।	योजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई सहभागी गराइएको तर उनीहरूको राय/पृष्ठपोषण नलिएको।	योजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्दा महिला तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई सहभागी नगराइएको।	• छलफल गरी पृष्ठपोषण लिएको माईन्युट • सहभागी उपस्थिति विवरण	
	५.८ महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत लक्षित	महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत लक्षित वर्गको सहज	महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत लक्षित वर्गको सहज	महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत लक्षित वर्गको सहज पहुँच	• कार्यकक्षको अवस्थितिको तस्वीर	

	वर्गको सहज पहुँच हुने गरी सार्वजनिक निकायको प्रमुखको कक्ष भुई तलाको सबैभन्दा पहुँचयोग्य स्थानमा गरिएको छ/छैन?	पहुँच हुने गरी सार्वजनिक निकायको प्रमुखको कक्ष भुई तलाको सबैभन्दा पहुँचयोग्य स्थानमा गरिएको छ।	पहुँच हुने गरी सार्वजनिक निकायको प्रमुखको कक्ष भुई तलाको रहेको तर सहज पहुँचयोग्य स्थानमा नरहेको।	हुने गरी सार्वजनिक निकायको प्रमुखको कक्ष माथिल्लो तलामा रहेको।		


सूचक संख्या र भार

क्र.सं.	**विषयक्षेत्र**	**पूर्णाङ्क**	**सूचक संख्या**	**सूचकको भार प्रतिशतमा**
१.	नीति, कानून, योजना	२८	१४	२८
२.	संस्थागत व्यवस्था	२०	१०	२०
३.	मानव संसाधन क्षमता विकास	२०	१०	२०
४.	सुशासन तथा उत्तरदायित्व	१६	८	१६
५.	सेवा प्रवाह	१६	८	१६
जम्मा		**१००**	**५०**	**१००**

अनुसूची-२

(दफा ७ को उपदफा (२) को खण्ड (ख) को उपखण्ड (३) सँग सम्बन्धित)

<u>माकुरे जालो चित्र विश्लेषण र अङ्क भार नमूना</u>



अनुसूची-३

(दफा ७ को उपदफा (२) को खण्ड (ख) को उपखण्ड (४) सँग सम्बन्धित)

सबल पक्ष र सुधार गर्नुपर्ने पक्ष अनुसार अवसर र चुनौती विश्लेषण

सबल पक्षहरू	सुधार गर्नुपर्ने पक्षहरू	अवसर	चुनौती

अनुसूची-४

(दफा ७ को उपदफा (२) को खण्ड (ख) को उपखण्ड (४) सँग सम्बन्धित)

(प्रतिवेदन लेखनका लागि)

परीक्षणबाट आएका प्रमुख प्राप्तिहरू (Major Findings)

मुख्य सूचक	प्रमुख उपलब्धिहरू
१. नीति, कानून, योजना	
१.१	
१.२	
२. संस्थागत व्यवस्था	
२.१	
२.२	
३. मानव संसाधन तथा क्षमता विकास	
३.१	
३.२	
४. सुशासन तथा उत्तरदायित्व	
४.१	
४.२	
५. सेवा प्रवाह	
५.१	
५.२	

अनुसूची-५

(दफा ७ को उपदफा (२) को खण्ड (ख) को उपखण्ड (५) सँग सम्बन्धित)

लैङ्गिक समानता कार्ययोजना

पूर्णाङ्क	प्राप्ताङ्क	अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप	मुख्य जिम्मेवारी			समयावधि	थप आर्थिक दायित्व व्यहोर्न पर्ने	
			(पहल कर्ता)	(निर्णय कर्ता)	कार्यान्वयन कर्ता		(अनुमानित कति रू. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने	नपर्ने
१. नीति, कानून, योजना								
१		१.१						
		१.२						
		१.३						
२. संस्थागत व्यवस्था								
२		२.१						
		२.२						
३. मानव संसाधन तथा क्षमता विकास								
३		३.१						
		३.२						
४. सुशासन तथा उत्तरदायित्व								
४		४.१						
		४.२						
५. सेवा प्रवाह								
५		५.१						
		५.२						

अनुसूची-६

(दफा ७ को उपदफा (२) को खण्ड (ग) को उपखण्ड (१) र दफा १० सँग सम्बन्धित)

प्रतिवेदन नमूना

१. पृष्ठभूमि
२. अध्ययनको महत्व
३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका उद्देश्यहरू
४. अध्ययनको क्षेत्र
५. अध्ययनको तरिका र विधि
६. सहभागी
७. विश्लेषणका औजार
८. परीक्षणबाट आएका मुख्य प्राप्ति
९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था
   ९.१ परीक्षण पश्चात सूचकले प्राप्त गरेका अङ्क
   ९.२ माकुरेजालो
१०. सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू
११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना
१२. निष्कर्ष
१३. सुझाव

अनुसूचीहरू

(क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचक
(ख) परीक्षण कार्यक्रमका केही झलक
(ग) सहभागीको नामावली